## औषधि ल्याब, चश्मा, शिशा तथा सर्जिकल सामानको सप्लाई सम्बन्धि बोलपत्रको शर्त तथा नियमहरु

नेपाल नेत्र ज्योति संघ अन्तर्गत संचालित गौर आँखा अस्पताल, गौर-८, रौतहटलाई संलग्न सूची अनुसारको औषधि ल्याब, चश्मा, शिशा, लेन्स तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउ पत्रद्वारा खरिद गर्नु पर्ने भएकोले ईच्छुक आपूर्ति कर्त्ताहरुवाट शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। ईच्छुक आपूर्ति कर्त्ताले आफूले सप्लाई गर्न सक्ने औषधि फ्रेम, शिशा , लेन्स ल्याब तथा सर्जिकल सामानहरुको न्युनतम मोल उल्लेख गरी मिति **२०८३।०३।२९** गते कार्यालय समय १० बजे देखि १२:०० बजे भित्र बोलपत्र गौर आँखा अस्पताल, गौर-८, रौतहटमा दाखिला गर्नु पर्नेछ । यस सम्बन्धिको सूचना मिति **२०८३।०३।०७** गतेको द हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा पनि प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. संलग्न सुचीमा उल्लेखित सबै औषधि ल्याब, चश्मा, शिशा, IOL (लेन्सं) तथा सर्जिकल सामानहरुको मोल उल्लेख गर्नु पर्ने अनिवार्यता छैन। आफूले सप्लाई गर्न सक्ने औषधि तथा मेडिकल सामानहरुको न्यूनतम मूल्य र एमआरपी उल्लेख गर्नु पर्नेछ । न्यूनतम मूल्यको मात्र उल्लेखित रकम अङ्क र अक्षरमा प्रष्ट संग लेख्नु पर्ने छ।

२. सम्पूर्ण औषधि ल्याव, चश्मा, शिशा लेन्स तथा सर्जिकल सामानहरुको अर्डर एकै जनालाई नदिन पनि सकिने छ। जुन जुन औषधिको मोल जस जसले न्यूनतम उल्लेख गरेको छ ति औषधिहरु त्यहि सप्लार्यसलाई अर्डर दिन सकिने छ। टेन्डर फर्ममा उल्लेख भएको स्वीकृत औषधि तथा अन्य सामाग्रीहरु उल्लेखित संख्या भन्दा बढि आवश्यकता परेमा सोहि दरभाउमा बर्ष भरी सप्लाई गर्नु पर्नेछ।

३. औषधि तथा सर्जिकल समानहरुको Expiry Date सप्लाई गरेको मिति देखि कम्तीमा एक वर्षको हुनु पर्ने छ।

४. VAT लाग्ने item को मोल VAT सहित उल्लेख गरेको हुनुपर्ने छ। उल्लेख गरेको मोलमा कुनै किसिमको कर तथा अन्य खर्च थप गर्न पाईने छैन।

५. औषधी, IOL को हकमा अनिवार्य रुपमा कम्पनीको आधिकारिक बिक्रेताको प्रमाण पत्र र अन्य सामाग्री आपुर्तीकर्ताले उपलब्ध भए सम्म आधिकारिक बिक्रेताको प्रमाण पत्र शिलबन्दी दरभाउ पत्र साथ संलग्न राख्नु पर्ने छ।

६. अस्पतालद्वारा तोकिएको कम्पनीको औषधि ल्याब, चश्मा, शिशा, लेन्स तथा सर्जिकल सामान नै आपूर्ति गर्नु पर्ने छ। कुनै कारणवश कम्पनी फेरवदल गर्नु परेमा अस्पतालको पूर्व स्वीकृती लिनु पर्ने छ।

७. दरभाउ पत्र गौर आँखा अस्पताल, गौर-८, रौतहटमा खोलिने छ र औषधिहरुको अर्डर गौर आँखा अस्पताल, गौर-८, रौतहट बाट दिईने छ। औषधिहरुको सप्लाई तोकिएको परिमाणमा अस्पतालमा गर्नु पर्ने छ र भुक्तानी पनि अस्पतालबाटै दिईनेछ। सम्पुर्ण औषधिहरु एकै पल्ट वा किस्ताहरुमा सप्लाई गर्न सकिने छ।

८. सम्पूर्ण औषधि ल्याब लेन्स तथा सर्जिकल सामानहरुको सप्लाई अर्डर पाएको मितिले **१५ दिन** भित्र गरी सक्नु पर्ने छ। अर्डर पाएको सम्पुर्ण मालसामानहरु तोकिएको समयमा आपुर्ति गर्न नसकेको खण्डमा धरौटी रकम आंशिक वा पुरै जफत गरी अर्डर समेत रद्द गर्न सकिने छ। औषधि तथा सर्जिकल सामान सप्लायर्सले गौर आँखा अस्पतालसम्म आफैले पुर्‍याउनु पर्नेछ त्यस वापत कुनै किसिमको मूल्य अस्पतालले तिर्ने छैन।

९.. नियमानुसार लाग्ने नेपाल सरकारले तोकीएको करहरु श्रोतमा कट्टा गरि भुक्तानी गरीनेछ।

Hagkshwa

गौर आँखा अस्पताल
२०५४

१०. दरभाउपत्रको लागी फारम मिति **२०८३।०३।०७** गते देखि **२०८३।०३।२८** गते सम्म कार्यालय समय भित्र (विहान १०:०० वजे देखि दिउँसो ४:०० वजे सम्म) गौर आँखा अस्पताल, गौर-८, रौतहटको लेखा शाखा बाट रु. २५०० (अक्षेरुपी दुई हजार पाच सय मात्र) (पछि फिर्ता नहुने गरी ) तिरि प्राप्त गर्न सकिने छ । शिलबन्दी दरभाउ पत्र सम्बन्धी फारमहरु अस्पतालको वेभसाइट www.geh.org.np मा समेत उपलब्ध रहेको जानकारी गराईन्छ ।

११. दरभाउ पत्र गौर आँखा अस्पताल , गौर-८, रौतहटमा दर्ता गरिनेछ । दर्ता गर्दा आफुले भर्न चाहेका प्रोडक्टहरुको कुल रकमको २.५ प्रतिशतले हुन आउने रकम गौर आँखा अस्पतालको नाउँमा राष्ट्रिय वाणिज्य बैक लि. गौर शाखाको चल्ती खाता नं १२१०१००००१३४६००१ मा जम्मा गरी सोको भौचर दरभाउ पत्र साथ संलग्न गरीएको हुनु पर्नेछ बैंक ग्यारेन्टी मान्य हुने छैन । प्राप्त शिलबन्दी दरभाउपत्र बुझाए पछि नपर्ने सप्लायरको धरौटी रकम पछि फिर्ता गरीनेछ र ज जसको दरभाउपत्र स्वीकृत हुन्छ उनीहरुको त्यहि रकम धरौटी वापत जम्मा राखी आषाढ मसान्त पश्चात फिर्ता गरीनेछ । यदी दरभाउपत्र स्वीकृत भैसकेका सप्लायरहरुले आफुले कोड गरेको मुल्यमा सामान उपलब्ध नगराएमा जुनकोडको सामान उपलब्ध गराएकोछैन सो कोड बराबरको धरौटी रकम जफत गरी निज सप्लायरलाई कालो सुचिमा राखिनेछ ।

१२. प्राप्त शिलबन्दी दरभाउ पत्रहरु मिति **२०८३।०३।२९** गते दिउँसो ४:०० वजे शिलबन्दी दरभाउ पत्र दाता वा निजले अख्तियार गरेको प्रतिनिधिको रोहवरमा गौर आँखा अस्पताल, गौर-८, रौतहटको प्रशासन शाखामा खोलिने छ । कुनै शिलबन्दी दरभाउ पत्र दाता वा निजले अख्तियार गरेको प्रतिनिधि उपस्थित नभएको अवस्थामा पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा हुने छैन ।

१३. शिलबन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम दिन र खोलिने दिन सर्वजानिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा पेश गर्नु पर्ने खोलिने छ ।

१४. शिलबन्दी दरभाउ पत्र स्वीकृत भैसकेपछि सो को जानकारी सम्वन्धित सप्लायर्सलाई दिईने छ ।

१५. शिलबन्दी दरभाउ पत्र दाताले फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र औषधी बिभागको दर्ता प्रमाणपत्र र करचूक्ता प्रमाण पत्रको प्रतिलिपि शिलबन्दी दरभाउ पत्र साथ बुझाउनु पर्ने छ । फर्म तथा आयकर प्रमाणपत्र नविकरणको अबधि २०८३ आषाढ मसान्त सम्म र कर चुक्ता प्रमाण पत्र आ.ब. २०८१।०८२ सम्मको हुनु पर्नेछ । साथै शिलबन्दि दरभाउ पत्रको अन्तिम पानामा तोकिएको ठाँउमा सहि छाप र मिति उल्लेख गरीएको हुनु पर्नेछ यदि सहिछाप नभएको खण्डमा उक्त दरभाउपत्र स्वतः खारेज हुनेछ ।

१६. शिलबन्दी दरभाउ पत्र शर्त रहित केरमेट नभएको हुनु पर्ने छ । दर रेट सच्याउनु पर्ने भएमा दस्तखत भएको हुनु पर्ने छ । समय भित्र दर्ता नभएको, रित नपुगेको, सूचनाका शर्त बिपरित भएको शिलबन्दी दरभाउ पत्र माथि कुनै कार्यवाही हुने छैन । अंकको दर रेट तथा रकममा फरक परेमा अक्षरुपीलाई मान्यता दिईने छ । अन्य बाँकी कुनै कुराहरु बाझिन गएमा नेपाल नेत्र ज्योति संघ को आर्थिक नियमावली २०८० अनुसार हुनेछ ।

१७. शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार गौर आँखा अस्पतालमा निहित रहने छ ।

विस्तृत जानकारीको लागी यस अस्पतालको, फोन नं. **०५५-५२०६१९/०५५-५२००३९,** मा सम्पर्क राख्नु होला ।